प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को शुभकामना सन्देश

नेपाली जनताले आफ्नो संविधान आफै लेखेको विशेष दिन आज **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३** को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ भएका विभिन्न जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेस आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मुलुकमा लोकतान्त्रिक प्रणालीको जग बसाल्न पथ प्रदर्शन गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति सम्मान व्यक्त गर्दछु । आन्दोलनका क्रममा घाइते हुनुभएका, बेपत्ता हुनुभएका तथा उत्पीडनमा पर्नुभएका योद्धा र नागरिकहरूको योगदानको उच्च प्रशंसा गर्दछु । गत भदौ १० गते भोटेकोशी नदीमा आएको विध्वंशकारी बाढीका कारण अकल्पनीय जनधनको क्षति भएको यो दुःखद घडीमा ज्यान गुमाउनुहुनेप्रति हार्दिक श्रद्धाञ्जली, घाइतेहरुमा शीघ्र स्वास्थ्यलाभको कामनाका साथै बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार, प्रभावित परिवारको राहत र पुनर्स्थापनाका लागि सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछु ।

जनताका प्रतिनिधिद्वारा गठित संविधानसभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान कानुनी दस्तावेज मात्र होइन, नेपाली जनताको दशकौं लामो बलिदान, त्याग र सङ्घर्षको परिणाम हो । यसै संविधानले प्रत्याभूत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुदलीय लोकतान्त्रिक प्रणाली, विधिको शासन, समानुपातिक समावेशिता, सामाजिक न्याय, स्वतन्त्र न्यायपालिका, मौलिक हक, मानव अधिकार, राज्यको निर्देशक सिद्धान्त एवम् नीतिहरुको प्रभावकारी कार्यान्वयन लगायतका महत्वपूर्ण मूल्य र मान्यतालाई संस्थागत गरेको छ ।

बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक तथा भौगोलिक विविधतायुक्त नेपाललाई एकताको सूत्रमा बाँध्दै सबै नागरिकलाई बराबर अधिकार र अवसर सुनिश्चित गर्नु यस संविधानको मूल मर्म हो । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गर्दै राज्यशक्तिको विकेन्द्रीकरण र जनताको घरदैलोसम्म शासन तथा सेवा प्रवाह पुर्‍याउने उद्देश्य लिएको छ । संघीयताको प्रभावकारी कार्यान्वयनमार्फत् नागरिकलाई सहज, सरल, पारदर्शी र गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउनुका साथै विकासका अवसरहरूलाई समान र न्यायोचित रूपमा विस्तार गर्न तीनै तहका सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना अझ मजबुत बनाउन जरुरी छ ।

संविधानले सुनिश्चित गरेका मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन गर्दै सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धितर्फ अग्रसर हुनु नै आजको हाम्रो मुख्य दायित्व पनि हो । यस दिनमा जनताको सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, विधिको शासन र लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्दै राष्ट्रको हितलाई सर्वोपरि राखेर काम गर्ने प्रतिबद्धता अझ दृढ बनाउनुपर्दछ । संविधानको सफल कार्यान्वयनका लागि राज्यका सम्पूर्ण अङ्गहरू, राजनीतिक दलहरू, नागरिक समाज र आम जनताबीच बलियो सहकार्य, एकता र निष्ठा अपरिहार्य हुन्छ । संविधानले प्रदान गरेका अधिकारहरूको प्रयोग गर्दा आफ्ना कर्तव्य र जिम्मेवारीप्रति सजग रहनु हामी सबैको दायित्व पनि हो ।

अन्त्यमा, संविधान दिवसले राष्ट्रिय समृद्धि हासिल गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मान्यता र मूल्य प्रणालीलाई राष्ट्रिय जीवनपद्धति बनाउन र 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय सङ्कल्प पूरा गर्न थप प्रेरणा र ऊर्जा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

२०८३ असोज ३ गते, शनिबार
ने.सं. ११४६ ञलाथ्व: अष्टमी-८

डिल्लीराज भट्ट
**प्रदेश प्रमुख**